# रंगेली नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम - २०७९ को प्रतिवेदन

**१.कार्यक्रमको नामः**रंगेली नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम - २०७९।

**२. कार्यक्रमको उद्देश्यः**

- सार्वजनिक प्रशासनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्न,
- नगरपालिकाबाट प्रदान गरिने सेवाबारे जनगुनासो सुन्न र त्यसको यथोचित समाधान गर्न
- शासन प्रक्रियामा सहभागिता अभिवृद्धि गर्न
- विगतका गल्ती कमी कमजोरीहरुको समिक्षा गरी पुनःदोहोरिन नदिन
- नगरपालिकाबाट हुने सेवा वितरणमा जन गुनासो आउन नदिन र सेवाग्राहीलाई केन्द्रविन्दुमा राख्न
- खुला अन्तरक्रियाबाट नागरिकको सूचनाको हकको प्रवद्धन गर्न
- रंगेली नगरपालिका र विषयगत शाखाहरुबाट सम्पादन भएको योजना तथा कार्यक्रमहरुको बारेमा सर्वसाधारणहरुलाई सूसूचित गराउन ।

३.प्रकृया

- नगरपालिकाका नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, रंगेली नगरपालिकाभित्र रहेका अन्य सरकारी निकायका प्रमुख तथा रंगेली नगरपालिकाका विषयगत शाखाका प्रमुखहरुको उपस्थिती भएको थियो ।
- रंगेली नगरपालिकाका नगरप्रमुखको अध्यक्षतामा कार्यक्रम संचालन भएको थियो ।
- कार्यक्रमको उद्घाटन समारोहको अन्त्य पछि कार्यक्रम उपस्थित नागरिकहरुबाट जिज्ञासाको लागि फोरम ओपन गरि खुला अन्तरक्रिया भएको थियो ।
- नागरिकस्तरबाट उठेका प्रश्नहरुको रंगेली नगरपालिकाका नगर प्रमुख साथै प्रमुख प्रशासकीय अधिकृतज्यूबाट चित्तबुझ्दो उत्तर दिने कार्य भएको थियो ।

**४. संचालन मिति र स्थानः** यो कार्यक्रम रंगेली नगरपालिकाबाट प्रवाह हुने सेवाका सेवाग्राही तथा सरोकारबाला पक्षबीच रंगेली नगरपालिका वडा नं. २ को कार्यालयको प्राङ्गडमा रंगेली नगरपालिकाका पदाधिकारी र सम्बद्ध सरोकारबालाहरु बीचमिति २०७९।०८।२७ गते संचालन भएको।

**५.सहभागी संख्या र किसिमः**जम्मा महिला परुष गरी ९२ जनाको उपस्थिती रहेको थियो ।

६. खर्चको बिवरणः

| | प्रतिकार्यक्रम खर्च विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क्र.सं. | खर्च विवरण | इकाई | परिमाण | दर | दिन | जम्मा |
| रंगेली नपाको सार्वजनिक सुनुवाई कार्यक्रम-२०७९ | १. | स्टेशनरी | वटा | १०० | ५० | १ | ५००० |
| | २. | खाजा (चिया नास्ता) | जना | १०० | १०० | १ | १०००० |
| | ३. | व्यानर र फ्लेक्स | वटा | ३ | १००० | १ | ३००० |
| | ४. | टेन्ट, त्रिपाल, टेवल कुर्सी व्यवस्थापन | एकमुष्ठ | १ | १०००० | १ | १०००० |
| | ५ | सहजकर्ता | एकमुष्ठ | २ | १००० | १ | १७०० |
| | ६ | सहयोगी | पटक | २ | ५०० | १ | ८५० |
| | ७ | पारिश्रमिक र ढुवानी कर वापत करमा जम्मा | | | | | १८७० |
| | | नगद फिर्ता | | | | | ७३० |
| | ८ | प्रतिबेदन वापत | पटक | १ | १००० | १ | ८५० |
| | जम्मा | | | | | | ३४००० |

**सारांश**

सार्वजनिक सुनुवाई कार्यक्रममा समसामयिक विषयहरुमा निम्न सवाल जवाफहरु भएको थियो ।

१. ई.प्र.का. प्रतिनिधी रिपु महर्जन पाण्डेले रंगेली क्षेत्रमा मादक पर्दाथ सेवन रोक्ने कुरामा सवाल गर्नुभएकोमा नगर प्रमुखज्यूबाट सो सम्बन्धमा सरोकारवालाहरुसंग आवश्यक परामर्श गरी निर्णय लिने जवाफ दिनुभएको थियो ।

२. स्थानीय चन्द्र शेखर राजवंशीले गाँउ टोलको बाटोको चौडाई के कति हुने सो को नम्सको बारेमा प्रश्न गर्नुभएकोमा नगर प्रमुखज्यूबाट गाँउको बाटो नाली सहित २६ फिट चौडाई हुनु पर्ने कुराको जानकारी गराउनु भएको थियो ।

३. ज्ञानेश्वर मंडलले पिछडा वर्गको कार्यक्रम हुने नहुने बारेमा जिज्ञासा राख्नु भएकोमा नगर प्रमुखज्यूबाट पिछडा वर्गको साथै आदीवासी जनजाती मधेशी मुश्लिम महिला अपांग लगायत विभिन्न विपन्न वर्गहरुलाई समेत समेटीने गरी कार्यक्रम बनाउने र सोही बमोजिम कार्यान्वयन गर्ने गराउने भनी जवाफ दिनु भएको थियो ।

४. स्थानीय देवु ऋषिदेवले जन्मसिद्ध नागरिकता रहेको सन्तानहरुले नागरिकता कहिले पाउने भनी सवाल गरेकोमा नगर प्रमुखज्यूबाट जन्मसिद्ध नागरिकताको समस्या देशव्यावी समस्याकोरुपमा

रहेकोले सो सम्बन्धमा आफुले आफ्नो ठाँउबाट आवश्यक पहल गर्ने कुरा जानकारी गराउनु भयो ।

५. खेतीको समयमा किसानहरुले मलखाद नपाएको सम्बनधमा स्थानीय श्यामलाल बास्की ले सवाल गरेकोमा नगर प्रमुखज्यूबाट मलखादको समस्या राष्ट्रियस्तरको सम्स्या रहेको तथापि म आफ्नो तर्फबाट समयमै सर्वसुलभ किसानलाई मदखाद उपलब्ध गराउन पहल गर्नेछु भनी जवाफ दिनुभएको थियो ।

६. स्थानीय भदवारी ऋषिदेवले आफु सुकुम्बासी भएको र सुकुम्बासीको फारम समेत भरिसकेको हुँदा मैले जग्गा कहिले पाउने र सुकुम्बासीहरुको उचित व्यवस्थापन कहिले हुने भनि प्रश्न गरेकोमा नगर प्रमुखज्यूले सुकुम्बासी समस्या राष्ट्रियस्तरको समस्या भएको र नेपाल सरकारले सुकुम्बासी समस्या समाधान आयोग गठन गरिसकेको तथा सुकुम्बासी समस्या समाधान आयोग ले डाटा समेत संकलन गरेको हुँदा छिटै नै सुकुम्बासी समस्या समाधान हुने भनि जानकारी गराउनु भएको थियो ।

७. शिव नारायण मुडीयारीले भूमी सुधार कार्यालयमा कुनै पनि काम गर्न असहज हुने गरेको तथा कर्मचारी ले काम गरे वापत छुट्टै पैसा माग्ने समेत गरेको गुनासो राखु भएकोमा नगर प्रमुखज्यूले सो सम्बन्धमा आफुलाई जानकारी नभएको तथापि कुनै पनि कार्यलयमा कुनै पनि कर्मचारीले सेवाग्राहीबाट काम गरे वापत छुट्टै पैसा माग्नु अनुचित भएको र त्यस्तो गरेको पाईएमा सम्बन्धित कर्मचारी माथी नियमानुसार कारवाही हुने कुराको जानकारी दिनुभएको थियो ।

८. वाल विकास केन्द्रका शिक्षकहरुलाई मासिक रु १५०००। मात्र दिईदै आएकोमा हालको बढ्दो महँगीमा उक्त रकम ज्यादै न्यून भएको विषयमा स्थानीय बविता राजवंशीले सवाल उठाउनु भएको हुँदा नगर प्रमुखज्यू ले सो सम्बन्धमा सरोकारवालहरु सँग आवश्यक छलफल गरी निचोड निकाल्ने जवाफ दिनुभयो ।

९. शम्भु राजवंशीले प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको सम्बन्धमा सवाल उठाएकोमा नगर प्रमुखज्यूबाट हाल यस रंगेली नपाले विकासको गति लिईरहेको अवस्थामा आगामी दिनहरुमा नपा भित्र नयाँ बाटाहरु समेत निर्माण हुने हुँदा प्रधानमन्त्री स्वरोजगार कार्यक्रमबाट सवै वडाहरुमा रोजगारीको अवसर सृजना हुने भनि जवाफ दिनुभएको थियो ।

माथी उठेका उल्लेखित विषयहरुमा नगर प्रमुख श्री दिलिपकुमार अग्रवालज्यूको साथै इलाका प्रहरी कार्यालयका प्रमुख श्री शैलेश न्यौपानेज्यूले सकारात्मक जवाफ दिदैं सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न भएको थियो ।